नेपाली कांग्रेस निर्वाचन निर्देशिका २०८३



सहयोग रू. ५०/-

केन्द्रीय निर्वाचन समिति
नेपाली कांग्रेस

प्रकाशक

नेपाली कांग्रेस

१५ औं केन्द्रीय महाधिवेशन तयारी समिति

सम्पर्क कार्यालय, चुनदेवी

फोन नं. : ४५३८१२३

E-mail

ncsamparka@gmail.com

nc15generalconvention.com

सर्वाधिकार

१५ औं केन्द्रीय महाधिवेशन तयारी समितिमा सुरक्षित

मुद्रक

.....

.....

श्री

नेपाली कांग्रेस निर्वाचन निर्देशिका
२०८३

नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४८ र नेपाली कांग्रेसको नियमावली २०८३ को नियम ३२(४) ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय निर्वाचन समितिको मिति **२०८३ असोज ८** गते बसेको बैठकले पार्टीका सबै तहका निकाय र पदाधिकारीहरुको निर्वाचन सम्पन्न गर्न गराउन तुरुन्त लागू हुने गरी पन्ध्रौं महाधिवेशन सम्बन्धी निर्वाचन निर्देशिका बनाई जारी गरिएको निर्देशिका नेपाली कांग्रेस केन्दीय समितिको वैठकवाट स्वीकृत भएको छ ।

परिभाषा : विधान भन्नाले नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन र परिमार्जन गरी मिलाइएको रुपमा) लाई वुझाउदछ ।

१. **केन्द्रीय निर्वाचन प्रतिनिधि खटाउने र क्रियाशील सदस्यताको नामावली प्रकाशन गराउने व्यवस्था :**

(क) केन्द्रीय निर्वाचन समितिले प्रत्येक जिल्लामा आवश्यकता अनुसार केन्द्रीय निर्वाचन समितिको प्रतिनिधिको रुपमा निर्वाचन अधिकृत नियुक्त गर्नेछ । निर्वाचन अधिकृतले आफू खटिएको जिल्ला भित्रका सबै तहका पद (गाउँ/नगरपालिका, वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश) को निर्वाचन सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउने छ ।

(ख) नेपाली कांग्रेस केन्द्रीय समितिबाट केन्द्रीय निर्वाचन समितिलाई उपलब्ध क्रियाशील सदस्यको नामावली वेवसाइटमा प्रकाशन गरिने छ ।

(ग) केन्द्रीय निर्वाचन समितिले निर्वाचन गराउने प्रयोजनका लागि नेपाली कांग्रेसको मूल्य र आदर्शसँग नजिक रहेका विभिन्न शुभेच्छुक तथा सहयोगी संस्थाहरुबाट निर्वाचन अधिकृतको सम्भावित नामहरु मागिनेछ । माग गरिएका व्यक्तिहरु पर्याप्त संख्यामा उपलब्ध नभएमा वा व्यक्तिले सम्बन्धित ठाउँमा जान अस्वीकार गरेमा वा निर्वाचन सम्पन्न गर्न नसकेमा केन्द्रीय निर्वाचन समितिलाई वैकल्पिक निर्णय गर्न वाधा परेको मानिने छैन ।

(घ) निर्वाचन अधिकृतले नेपाली कांग्रेसको शुभेच्छुक तथा सहयोगी संस्थाहरु मध्येबाट आवश्यकतानुसार गाउँ/नगरपालिका, वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र, र प्रतिनिधि सभा क्षेत्रका लागि मतदान अधिकृतहरु नियुक्त गरिनेछ ।

(ङ) केन्द्रीय कार्यसमितिबाट क्रियाशील सदस्यता प्राप्त गरेका मतदाताहरुको अन्तिम नामावली सम्बन्धित जिल्लामा निर्वाचन अधिकृतले प्रकाशित गर्नेछ । आ-आफ्नो क्षेत्राधिकार भित्र पर्ने क्रियाशील सदस्यताको मतदाता नामावलीको प्रतिलिपी मागेमा आवश्यक शुल्क लिई संभव भए सम्म उपलब्ध गराउने छ ।

(च) पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, गाउँ/नगरपालिका र गाउँ/नगरपालिका वडा मतदान केन्द्रहरुमा निवार्चन सम्पन्न गर्ने प्रयोजनका लागि निर्वाचन समिति/निर्वाचन अधिकृत/मतदान अधिकृतलाई प्रत्येक तहका पार्टीका पदाधिकारी तथा पार्टी कार्यकर्ताहरुले सहयोग गर्नेछ ।

(छ) केन्द्रीय निर्वाचन समितिले नेपाली कांग्रेस केन्द्रीय कार्यालयसँग, प्रदेश निर्वाचन अधिकृतले प्रदेश समितिसँग र जिल्ला निर्वाचन अधिकृतले सम्वन्धित जिल्ला कार्य समितिसँग समन्वय राखी काम गर्नेछ ।

२. **निर्वाचन अधिकृत तथा मतदान अधिकृतको काम, कर्तव्य र अधिकार :**

(क) निर्वाचन अधिकृतको अधिकार प्रयोग गर्ने गरी खटिएको मतदान अधिकृतले पार्टीको विधान, नियमावली, निर्वाचन निर्देशिका २०८३ र केन्द्रीय निर्वाचन समितिको निर्देशन अनुसार स्वतन्त्र, निष्पक्ष र सद्भावपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन समितिले निर्वाचन हुने सूचना यथा समयमै प्रकाशित गर्नेछ र निर्वाचन अधिकृत वा मतदान अधिकृतले पार्टीको सम्बन्धित तहको अधिवेशन केन्द्रीय निर्वाचन समितिले तोकेको मितिमा नै सम्पन्न गर्नु पर्नेछ ।

(ग) केन्द्रीय निर्वाचन समितिले तोकेको मितिमा सम्बन्धित तहका पदको निर्वाचन गराउँदा मतदाता नामावली प्रकाशित गर्ने, उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, मनोनयन पत्र माथि पर्ने दावी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने र उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपि) वमोजिम पहिलो नामावली प्रकाशित गर्ने, मनोनयन पत्र फिर्ता लिने, उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गर्ने, मतदान गराउने, मत गणना गर्ने, निर्वाचित परिणाम घोषणा गर्ने समेत प्रयोजनका लागि निर्वाचन अधिकृत वा मतदान अधिकृतले निर्वाचन कार्यक्रम प्रकाशित गर्नेछ ।

(घ) काबू भन्दा बाहिरको परिस्थिति उत्पन्न भएमा वडा, पालिका, प्रदेश सभा, प्रतिनिधि सभा, जिल्ला, प्रदेश अधिवेशन तोकिएको दिनमा विशेष परिस्थितिवस गराउन नसकेमा वा मतदानको क्रममा कुनै वाधा विरोध उत्पन्न हुन गई मतदान पूरा हुननसकेमा वा मतगणना गर्ने काममा कुनै वाधा विरोध उत्पन्न भई मतदान वा मतगणना कार्य रोक्न परेको

कारण खोली मतदान अधिकृतले निर्वाचन अधिकृत समक्ष र निर्वाचन अधिकृतले केन्द्रीय निर्वाचन समिति समक्ष छिटो साधनद्धारा केन्द्रीय निर्वाचन समितिको स्वीकृति लिई दुई दिन भित्र अर्को मिति तय गरी निर्वाचन प्रकृया सम्पन्न गर्नु पर्नेछ ।

(ङ) निर्वाचन अधिकृतले निर्वाचन गराउदा जुन तहको निर्वाचन गर्नु पर्नेछ सो निर्वाचन सम्बन्धित स्थानमा नै गर्नु पर्नेछ । कारणवश स्थान परिवर्तन गर्नु परेमा केन्द्रीय निर्वाचन समितिको पूर्व स्वीकृति लिई स्थान परिवर्तन गरिनेछ ।

(च) निर्वाचन गोप्य मतदानबाट गरिनेछ । तह र पद अनुसार **अनुसूची १ देखि १६** सम्म सम्बन्धित मतपत्रको प्रयोग गरिने छ । मतदातालाई मतपत्र दिंदा सम्बन्धित मतदाताको नामको अगाडि निजको सही वा ल्याप्चे गराउनुपर्नेछ ।

(छ) निर्वाचन वा मतदान अधिकृतले मतदान गर्न तोकिएको समय समाप्त भएपछि मतगणना कार्य गर्नु पर्नेछ । मत गणना गर्दा व्यवस्थित रुपमा सम्बन्धित उम्मेदवार वा निजको वारेसको रोहवरमा गर्नु पर्छ र खसेको सदर मत, वदर मत र उम्मेदवारले पाएका मत समेतको विवरण खुलाई उपयुक्त मुचुल्का बनाई प्रमाणित गर्नुपर्छ ।

(ज) निर्वाचन अधिकृत वा मतदात अधिकृतले केन्द्रीय सभापतिको हकमा विधानको धारा १६ (१)(ख), प्रदेश समितिको सभापतिको हकमा विधानको धारा १३(६)(१)(ख) र जिल्ला सभापतिको हकमा विधानको धारा १२ को उपधारा (५) (क)(२) बमोजिम खसेको मतको ५० प्रतिशत भन्दा बढी मत ल्याउनु पर्नेछ । पार्टीका अन्य सबै तहको पदको हकमा सबैभन्दा बढी मत पाउने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नेछ ।

(झ) मत बराबर भएमा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले गोला प्रथाद्वारा विजयी भएको उम्मेदवारको नाम घोषणा गर्नेछ ।

(ञ) विजयी उम्मेदवारलाई **अनुसूची २३** मा दिइएको नमूना बमोजिमको सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले प्रमाणपत्र दिनेछ र सो प्रमाणपत्रले परिचय पत्रको रुपमा मान्यता पाउनेछ ।

(ट) निर्वाचन अधिकृतले प्रदेश एवं जिल्ला तहको निर्वाचनबाट विजयी भएका व्यक्तिहरुको नाम र ठेगाना छिटो साधनद्वारा केन्द्रीय निर्वाचन समितिमा पठाउनु पर्नेछ ।

(ठ) मतदान अधिकृतले गाउँ/नगरपालिका वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र र प्रतिनिधिसभा क्षेत्रमा भएको निर्वाचनको परिणाम अनुसार विजयी भएका व्यक्तिहरुको नाम सबैभन्दा छिटो साधनद्वारा निर्वाचन अधिकृत मार्फत केन्द्रीय निर्वाचन समिति, सम्बन्धित जिल्ला कार्यसमिति, क्षेत्रीय कार्यसमिति, प्रदेश सभा कार्यसमितिमा पठाउनु पर्नेछ ।

(ड) निर्वाचन अधिकृत र मतदान अधिकृतले निर्वाचन अधिकृत मार्फत सबै तहका पदको लागि निर्वाचनको निमित्त प्रयोग भएको मतपत्र र अन्य सबै कागजात सम्बन्धित उम्मेदवार वा निजको वारेसको समेतको सही गराई सुरक्षित रुपमा केन्द्रीय निर्वाचन समितिमा बुझाउने तर, कुनै उम्मेदवारले सही गर्न नमानेमा सोही व्यहोरा खोली पठाउने छ ।

(ढ) निर्वाचन अधिकृतले आफू खटिएको जिल्ला भित्र सम्पन्न भएको निर्वाचनसँग सम्बन्धित खर्च र सम्बन्धित उम्मेदवारहरुबाट मनोनयन पत्र दाखिला गर्दा प्राप्त रकमको आम्दानीको प्रमाणित कागज सहितको हिसाब किताब निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र केन्द्रीय निर्वाचन समितिमा बुझाउने छ ।

(ण) निर्वाचन अधिकृत वा मतदान अधिकृतले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गराउन आवश्यक व्यवस्था मिलाउने छ ।

३. **निर्वाचन गराउनु पर्ने तह, पद र मतदाताहरु :**

(क) गाउँ/नगरपालिका वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला अधिवेशन र जिल्ला कार्यसमितिको गठन र कार्यविधि सम्बन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन र परिमार्जन गरी मिलाइएको रुपमा) को क्रमश धारा ६, ७, ८, ९, १०, ११ र १२ बमोजिम हुनेछ ।

(ख) प्रदेश कार्यसमितिको गठन र कार्यविधि सम्बन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन र परिमार्जन गरी मिलाइएको रुपमा) को धारा १३ बमोजिम हुनेछ ।

(ग) महाधिवेशन र महासमितिको गठन र कार्यविधि सम्बन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन र परिमार्जन गरी मिलाइएको रुपमा) को धारा ११ बमोजिम हुनेछ ।

(घ) केन्द्रीय कार्यसमितिको गठन र कार्यविधि सम्वन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन र परिमार्जन गरी मिलाइएको रुपमा) को धारा २१ वमोजिम हुनेछ ।

४. **केन्द्रीय कार्यसमितिबाट वाधा अड्काउ फुकाउन भएको निर्णय अनुसार:**

(१) नेपाली कांग्रेसको विधानको धारा ४ (२), (३), (६) (मा भएको समय हद सम्वन्धि व्यवस्था, धारा ६(२) (क), ७ (२) (क) (१), ७(२)(ग)(१) ८ (२)(क), ९ (२)(क), १०(३)(क), १० (४)(क), ११(२)(क), ११(४) (क) (१), १२(५)(क)(१)(४), १३(६)(१)(क)(ग)(ङ)(च)(छ) (मा भएको समय हत सम्वन्धि व्यवस्था, धारा ६ (३)(क)(१) एक सय पचास वा सो भन्दा कम कृयाशील सदस्य भएको वडामा गाउँ पालिका वडा अधिवेशनले नेपाली कांग्रेसको कृयाशील सदस्यमध्येवाट प्रदेश सभा क्षेत्रीय अधिवेशनका लागि कम्तिमा तीन महिला सहित नौ जना प्रतिनिधि प्रत्येक्ष निर्वाचित गर्नेछ भन्ने व्यवस्था । धारा ७(३)(क)(१) एक सय पचास वा सो भन्दा कम कृयाशील सदस्य भएको वडामा नगर/उपमहानगर/महानगर पालिका वडा अधिवेशनले नेपाली कांग्रेसको कृयाशील सदस्य मध्येवाट प्रदेशसभा क्षेत्रीय अधिवेशनका लागि कम्तिमा तीन महिला सहित नौ जना प्रतिनिधि प्रत्येक्ष निर्वाचित गर्नेछ । धारा ११(२) (क) प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनले आफूमध्यवाट कम्तिमा चार महिला सहित चौध (१४) जना प्रत्यक्ष ..... । धारा ११(३)(क) प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधि मध्येवाट दुई महिला सहित ७ प्रत्यक्ष .....भन्ने व्यवस्था निलम्वन गर्ने । थप गरिएको धारा ८(१)(ग), ९(१)च, १०(३)(ग) अनुसार प्रत्येक पालिकाका कार्यसमिति सभापतिहरु स्वत: सम्वन्धित निर्वाचन क्षेत्रको महाधिवेशन प्रतिनिधि हुनेछन् । विधानको धारा १० (४) (क) (१) वमोजिम निर्वाचित प्रदेश सभा सभापति सम्वन्धित क्षेत्रको केन्द्रीय महाधिवेशन प्रतिनिधि समेत हुनेछ ।

(२) नेपाली कांग्रेसको विधानको धारा ४(१०) (ग) र (ङ) वमोजिम अन्य पार्टीबाट नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्तिको हकमा क्रियाशील सदस्यतको अवधी गणना गर्दा नेपाली कांग्रेसको जुन पदमा हाल समायोजना (पदासिन) भएका छन्, उक्त पदकालगि आवश्यक अवधी पुगेको मानिनेछ । उक्त अवधी आवश्यक पर्ने अन्य पदमा समेत उम्मेदवार हुन योग्य मानिने छन् ।

(३) अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्वका सन्दर्भमा विधान र नियमावलीमा गरिएको पालिकाका क्रियाशील सदस्यहरुले निर्वाचित गर्ने भनी उल्लेखित गरिएका पदहरुको निर्वाचन वडा सभापति र क्षेत्रीय प्रतिनिधिले गर्ने ।

(४) विधानको धारा ८ (१) (क) र धारा ९ (१) (ख) मा उल्लेख गरिएको क्रमश: "गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण नेपाली कांग्रेसका क्रियाशील सदस्य गाउँपालिका अधिवेशनका र नगर/उपमहानगर/महानगरपालिका क्षेत्र भित्रका नेपाली कांग्रेसका क्रियाशील सदस्य नगरपालिका अधिवेशनका सदस्य" भनिएकोमा "गाउँपालिका क्षेत्रभित्रका वडा सभापति र क्षेत्रीय प्रतिनिधि तथा नगरपालिका क्षेत्र भित्रका वडा सभापति र क्षेत्रीय प्रतिनिधि" भनी संशोधन गर्ने ।

(५) सबै तहको समावेशी तर्फ महिला, पेशाकर्मी, श्रमिक, वुद्धिजीवि, उद्योग व्यवसायी, लैङ्गिक अल्पसंख्यक, पिछडिएको क्षेत्र, दलित महिलालाई समावेश गरिने छ ।

(६) दफा ५१ (१) (क) केन्द्रीय सभापतिले महाधिवेशनका लागि वढिमा ३०० जना केन्द्रीय महाधिवेशन प्रतिनिधि मनोनित गर्न सक्नेछन । यसरी मनानीत गर्दा समानुपातिक समावेशि, पार्टीको तर्फवाट पछिल्लो निर्वाचनमा पालिका अध्यक्ष, उपाध्यक्ष/प्रमुख/उपप्रमुख, प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय सभामा उम्मेदवार भएका वा विजयी भएका, पूर्व सांसद, संविधान सभा सदस्य र पेशाकर्मी, श्रमिक, वुद्धिजीवि, उद्योग व्यवसायी, लैङ्गिक अल्पसंख्यक, पिछडिएको क्षेत्र, दलित महिला र ३५ वर्ष भन्दा कम उमेर समूहका व्यक्तिहरुलाई समावेश गरिने छ ।

(७) महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यहरु एक तहको कार्यसमितिको पदाधिकारी तथा सदस्यमा रहन सक्नेछन् । साथै क्षेत्रीय प्रतिनिधिहरु वडा तहको कार्यसमितिमा पदाधिकारी तथा सदस्यमा रहन सक्नेछन् ।

(८) वडा अधिवेशनले क्षेत्रीय प्रतिनिधि छनोट गर्दा १ जना महिला १ जना पुरुष १८ वर्षदेखि २८ वर्षसम्मको नवयुवा थप गर्ने र कम्तिमा ४० वर्षमुनिका युवा १ महिला समिति कम्तिमा २ जना अनिवार्य क्षेत्रीय प्रतिनिधिमा समावेश गरिनुपर्ने ।

(९) प्रदेश सभा अधिवेशनले प्रदेश अधिवेशन प्रतिनिधिमा साविकमा भएको व्यवस्थामा १८ देखि २८ वर्षसम्मको १ महिला सहित २ जना थप गर्ने र कम्तिमा ४० वर्षमुनिका युवा १ महिला सहित २ जना अनिवार्य प्रदेश सभा अधिवेशन प्रतिनिधिमा समावेश गरिनुपर्ने ।

(१०) क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधि छनौट गर्दा साविकमा भएको व्यवस्थामा १८ देखि २८ वर्षसम्मको १ महिला सहित २ जना थप गर्ने र कम्तिमा ४० वर्षमुनिका युवा १ महिला सहित २ जना अनिवार्य केन्द्रीय महाधिवेशन प्रतिनिधिमा समावेश गरिनुपर्ने ।

(११) सबै तहका कार्यसमितिहरुमा १८ देखि २८ वर्षसम्मको १ महिला सहित २ जना र कम्तिमा ४० वर्षमुनिका युवा १ महिला सहित कम्तिमा २ जना अनिवार्य रुपमा समावेश गरिनुपर्ने ।

(नोट: सबै तहमा पदाधिकारिहरु थप गर्नका लागि महाधिवेशनमा विधान संशोधन समितिले प्रस्ताव लैजानेछ ।)

५. **उम्मेदवारको योग्यता प्रमाणित गर्ने :**

(१) "अल्पसंख्यक र पिछडिएको वर्ग" भन्नाले **अनूसूची २४** मा उल्लेख गरिएका जातीहरु, (संवत २०७८ सालको जनगणना अनुसार एक लाख जनसंख्या कम भएका जातीहरु) अपाङ्ग एवं तेश्रो लिंगी समेतलाई जनाउछ ।

६. **मनोनयन पत्र दर्ता सम्बन्धी व्यवस्था :**

(क) पार्टी विधान अनुसार हुने तह र पदको निर्वाचनको निमित्त योग्यता पुगेका व्यक्तिले निर्वाचनका लागि गठित केन्द्रीय निर्वाचन समिति, खटिई आएका निर्वाचन अधिकृत वा मतदान अधिकृत समक्ष तोकिएको समयभित्र **अनुसूची १९, २०, २१ र २२** मा दिइएको ढाँचामा रीतपूर्वक मनोनयन पत्र दाखिला गर्नु पर्नेछ । केन्द्रीय सभापतिका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरु मध्येबाट कम्तीमा सात जना प्रस्तावक र सात जना समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नु पर्नेछ । केन्द्रीय उपसभापति, केन्द्रीय महामन्त्री र केन्द्रीय सह-महामन्त्रीका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरु मध्येबाट कम्तीमा पाँच जना प्रस्तावक र पाँच जना समर्थक रहेको मनोनयन पत्र एवं अन्य उम्मेदवारको हकमा एक जना प्रस्तावक र एक जना समर्थक रहेको मनोनयन पत्र केन्द्रीय निर्वाचन समितिमा दाखिला गर्नु पर्नेछ ।

(ख) कुनै पनि तहको पदमा उम्मेदवार हुन, मनोनयन पत्र दर्ता गर्दा वा उम्मेदवारीबाट नाम फिर्ता लिंदा उम्मेदवार आफै उपस्थित हुन नसक्ने भएमा वारेस मार्फत मनोनयन पत्र दर्ता वा फिर्ता लिन सकिनेछ । वारेसनामाको नमूना **अनुसूची १७ र १८** मा दिइएको छ ।

(ग) मनोनयन पत्र दाखिला गर्दा लाग्ने दस्तुर **अनुसूची– २५** मा राखीएको छ । सो अनुसुचीमा उल्लेख भए बमोजिम उम्मेदवारले दस्तुर बुझाउनु पर्नेछ । नाम फिर्ता लिएमा पनि सो दस्तुर रकम फिर्ता हुने छैन ।

(घ) उठेको दस्तुरको सम्बन्धमा केन्द्रीय निर्वाचन समितिले निर्णय गरे बमोजिम रकमको व्यवस्थापन गरिनेछ ।

(ङ) रीतपूर्वक दाखिल नभएको मनोनयन पत्र रद्द गर्ने अधिकार सम्बन्धित निर्वाचन वा मतदान अधिकृतलाई हुनेछ ।

७. **मतपत्र र मतपेटिका सम्बन्धी व्यवस्था :**

देहायका पदहरुका निमित्त निर्वाचन गराउदा प्रत्येक पदको निमित्त मतपत्र (यथा संभव छुट्टै रंगको) र मतपेटिका छुट्टाछुट्टै प्रयोग गरिनेछ ।

(क) विधानको धारा २१ को उपधारा (१),(२) र (३) अनुसार केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्रीाको निर्वाचनको निमित्त छुट्टै मतपेटिका राखिनेछ ।

(ख) विधानको धारा २१ को उपधारा (५) अनुसार महाधिवेशन प्रतिनिधिहरु मध्येबाट निर्वाचित हुने ३५ जना केन्द्रीय कार्यसमितिको सदस्यहरुको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ ।

(ग) विधानको धारा २१ को उपधारा (६) अनुसार महिला महाधिवेशन प्रतिनिधिहरु मध्येबाट निर्वाचित हुने ९ जना केन्द्रीय कार्यसमितिको सदस्यहरुको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ ।

(घ) विधानको धारा २१ को उपधारा (७) अनुसार प्रत्येक प्रदेशका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट १ महिलासहित ३ जना रहने गरी निर्वाचित हुने २१ जना केन्द्रीय कार्यसमितिको सदस्यहरुको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ ।

(ङ) विधानको धारा २१ को उपधारा (८) अनुसार दलित महाधिवेशन प्रतिनिधि मध्येबाट ४ महिला सहित ९ जना, आदिवासी जनजाति महाधिवेशन प्रतिनिधि मध्येबाट ७ जना महिला सहित १५ जना, खस आर्य महाधिवेशन प्रतिनिधि मध्येबाट ६ जना महिला सहित १३ जना, मधेशी महाधिवेशन प्रतिनिधि मध्येबाट ४ महिला सहित ९ जना, थारु महाधिवेशन प्रतिनिधि मध्येबाट २ महिला सहित ४ जना, मुस्लिम महाधिवेशन प्रतिनिधि मध्येबाट १ महिला सहित ३ जना र पिछडिएको क्षेत्रका महाधिवेशन प्रतिनिधि मध्येबाट १ जना गरी जम्मा ५४ जना केन्द्रीय कार्यसमितिको सदस्यहरुको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिने छ ।

(च) विधानको धारा २१ को उपधारा (९) मा अल्पसंख्यक महाधिवेशन प्रतिनिधि मध्येबाट १ र अपाङ्गता भएका महाधिवेशन प्रतिनिधि मध्येबाट १ गरी २ जना केन्द्रीय कार्यसमितिको सदस्यहरुको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ ।

(छ) विधानको धारा ६, ७, ८, ९, १०, ११ र १२ बमोजिम हुने निर्वाचनका लागि आवश्यकता अनुसारको मतपेटिका निर्वाचन अधिकृत र मतदान अधिकृतले व्यवस्था गर्न सक्नेछन ।

८. **मतदान गर्ने तरिका :**

(क) मतदाताले मत संकेत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नामको अगाडि रहेको मत संकेत गर्ने कोष्ठमा (✓) यस्तो चिन्ह लगाउनु पर्छ । मतदान गर्ने प्रयोजनका लागि विद्युतिय Voting Machine प्रयोग गर्न सकिनेछ ।

स्पष्टिकरण:- माथि दफा ६ मा जुनसुकै कुरा लेखिएपनि विद्युतीय भोटिङ्ग प्रयोग भएमा प्रयोग भएको उपकरणलाई नै मतपेटिका भनिनेछ ।

(ख) मतदाताले स्वयं मतदान गर्न नसकेको अवस्थामा निजले इच्छाएको व्यक्ति/मतदान/निर्वाचन अधिकृतले मतदान गर्ने व्यवस्था गर्नेछ ।

९. **मतपत्र बदर हुने अवस्था :**

मतगणना गर्दा देहाय बमोजिमको मतपत्रलाई बदर गर्नु पर्नेछ ।

(क) मतदान अधिकृतको सही नभएको मतपत्र ।

(ख) जुन स्थानका लागि जति संख्यामा प्रतिनिधि छान्नु पर्ने हो, त्यो भन्दा बढी उम्मेदवारलाई मत दिएको मतपत्र ।

(ग) तोकिएको कोष्ठ बाहिर पर्ने गरी चिन्ह लगाएको मतपत्र ।

(घ) कुनै अन्य चिन्ह लगाएको वा कागजमा यस्तै अन्य सांकेतिक वस्तु राखेको मतपत्र ।

(ङ) दुई वा दुई भन्दा बढी उम्मेदवारको नामको अगाडि कुन उम्मेदवारलाई मत दिएको भनी छुट्याउन नसकिने मतपत्र ।

(च) मतपेटिका भन्दा बाहिर राखिएको मतपत्र ।

(छ) तोकिएको भन्दा बाहेकको मतपत्र ।

१०. **केन्द्रीय निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुने :**

केन्द्रीय निर्वाचन समितिद्वारा गरिएको निर्वाचन सम्बन्धी सबै निर्णय अन्तिम हुनेछ । साथै केन्द्रीय निर्वाचन समिति समक्ष उजूरी परी अन्यथा निर्णय भएकोमा बाहेक निर्वाचन वा मतदान अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ । छानबीन र अनुसन्धानको कार्यविधि केन्द्रीय निर्वाचन समितिले आफैं निर्धारित गर्नेछ ।

११. **निर्वाचन तालिका :**

निर्वाचन तालिका केन्द्रीय निर्वाचन समितिले तोके बमोजिम हुनेछ । पार्टी केन्द्रीय समितिले प्रकाशित गरेको निर्वाचन तालिकालाई यसै निर्देशिका अनुसार प्रकाशित गरेको मानिनेछ ।

१२. **बाधा अडकाउ फुकाउने:**

निर्वाचन सम्पन्न गर्ने सिलसिलामा कुनै बाधा अडचन आइ परेमा केन्द्रीय निर्वाचन समितिले निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ र त्यसरी गरेको निर्णय यही निर्देशिका बमोजिम भएको मानिनेछ ।

१३. **विविध :**

(क) नियमावलीको नियम ६९ बमोजिम विधानको धारा १२(५)(क)(१) बमोजिम जिल्ला सभापतिको निर्वाचन गर्दा एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा विधानको धारा १५(१)(क) बमोजिम जिल्ला अधिवेशनका प्रतिनिधिहरुले कम्तिमा निरन्तर नेपाली कांग्रेसको क्रियाशील सदस्य भएको जिल्ला अधिवेशन प्रतिनिधि मध्येबाट जिल्ला सभापतिको निर्वाचन गर्नेछन् र निर्वाचित जिल्ला सभापति पदेन महाधिवेशन प्रतिनिधि हुनेछ ।

(ख) मतदाताहरुको परिचय सम्बन्धमा विवाद उत्पन्न भएको खण्डमा अनिवार्य रुपमा आफ्नो फोटो सहितको परिचय खुल्ने परिचय पत्र वा नागरिकताको प्रमाण पत्र, सवारी चालक प्रमाण पत्र, राहदानी वा मतदाता परिचय पत्र वा फोटो सहितको जग्गाधनी प्रमाण पूर्जा वा फोटो सहितको आफू निर्वाचित भएको पदको प्रमाण पत्र वा यस्तै अन्य परिचय पत्र हुन सक्नेछन ।
तर निर्वाचित भएको प्रमाण पत्रमा फोटो रहनु अनिवार्य हुने छैन ।

(ग) उम्मेदवार भन्नाले दावी विरोध पछि प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भए पछिको अवस्थालाई जनाउछ ।

(घ) पन्ध्रौं महाधिवेशन सम्पन्न भएको दुई महिनाभित्र बाँकी रहेको तह र पदको निर्वाचन सम्पन्न गर्ने गरी केन्द्रीय निर्वाचन समितिले अधिकार प्रत्यायोजन गरेको छ ।

(ङ) कृयाशील सदस्यहरुको नाम, थर, वतन, उमेर, पिता/माताको नाम वा यस्तै अन्य विवरणमा भएका सामान्य त्रुटि सच्याउने अधिकार सम्बन्धित निर्वाचन/मतदान अधिकृतलाई हुनेछ ।

(च) नया कृयाशील सदस्या वितरण गर्न आवश्यक भएमा सम्बन्धित वडाको वडा सभापतिले वितरणगरि सो को अभिलेख सम्बन्धित क्षेत्रीय समित र जिल्ला समितिमा पठाउनु पर्नेछ ।

(छ) कुनै पनि तहको बहुपदका लागि हुने निर्वाचनमा कुनै व्यक्तिको हकमा सर्वसम्मति र बाँकिका हकमा निर्वाचन गर्न पाईने छैन ।

(ज) क्रियाशील सदस्यता एक क्षेत्रबाट लिएको राष्ट्रिय निर्वाचनमा अर्को क्षेत्रमा मतदाता रहेको व्यक्तिका हकमा नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशनमा मतदाता हुने प्रयोजनको लागि क्रियाशील रहेको सदस्यता भएको क्षेत्र नै निजको क्षेत्र कायम हुनेछ ।

(झ) सांसद भन्नाले "प्रत्यक्ष रुपमा निर्वाचित/समानुपातिक रुपमा निर्वाचित वा मनोनित समेतलाई बुझाउँछ ।" प्रतिनिधि सभा/राष्ट्रिय सभा/प्रदेश

सभाका लागि उम्मेदवार भन्नाले "प्रत्यक्ष रुपमा वा समानुपातिक रुपमा पार्टीको तर्फबाट प्रतिनिधि सभा/प्रदेश सभामा उम्मेदवार भएको व्यक्तिलाई समेत जनाउदछ ।"
(राष्ट्रिय सभाको हकमा उम्मेदवारको पदावधि कायम रहेको भन्ने बुझ्नु पर्नेछ । अन्यका हकमा आम निर्वाचन २०७३ सालको उम्मेदवारीलाई सम्झनु पर्नेछ ।)

(ञ) जिल्ला स्थित सम्पूर्ण तहको अधिवेशनको लागि विशेष कारणवस सभापति उपस्थित हुन नसकेमा उपसभापतिको अध्यक्षतामा र उपसभापति पनि उपस्थित हुन नसेकमा सचिवको अध्यक्षतामा अधिवेशन गर्न बाधा पुग्ने छैन ।

(ट) निर्देशिकाको नियम ४(३) मा गरिएको व्यवस्थालाई कुनै तहको जनसंख्याको बनौटको तथ्याङ्क उपलब्ध हुन नसकेमा सो भन्दा माथिल्लो तहको जनसंख्याको बनौट अनुसार समानुपातिक आधारमा समानुपातिक समावेशी समूहको सिट संख्या निर्धारण गर्न बाधा पर्ने छैन ।

(ठ) विधानको धारा ६(३)(क)(२), ७(३)(२) मा उल्लेखित बढीमा ७५ को सीमाभित्र भन्नाले प्रत्यक्ष र समानुपातिक दुवैलाई बुझाउनेछ ।

(ड) स्थानीय निर्वाचनमा निर्वाचित जनप्रतिनिधिको क्रियाशील सदस्यताको नवीकरण छुटेको खण्डमा निजको स्थानीय तहमा निर्वाचित भएको प्रमाणपत्र हेरी मतदाता नामावलीमा समावेश गरिनेछ ।

(ढ) समावेशी वा खुल्ला समूह मध्ये जुनसुकै समूहबाट छानिएका प्रतिनिधिहरुले माथिल्लो तहका निर्वाचनमा समावेशी वा खुल्ला जुनसुकै समूहको उम्मेदवार हुन पाउनेछन् ।

(ण) केन्द्रीय महाधिवेशन प्रतिनिधिहरुले प्रदेश कार्यसमितिको जुनसुकै पदमा उम्मेदवार हुन बाधा पर्ने छैन ।

(त) विधानको धारा ६(३)(२) मा उल्लेखित क्रियाशिल सदस्यको संख्या १५० भन्दा माथि प्रति १०० भन्नेमा १०० जना अनिवार्य हुनु पर्नेछ ।

(थ) प्रदेश सभा क्षेत्रीय अधिवेशनले प्रदेश अधिवेशन प्रतिनिधि मध्येबाट २ महिला सहित ५ जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रबाट प्रदेश सम्मेलनमा प्रदेश सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार तोकिएबमोजिम समानुपातिक आधारमा निर्वाचित ३ जना सदस्य ।

(द) पार्टीको कुनै तहको अधिवेशनमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही अधिवेशन अवधिमा सो भन्दा माथिल्लो तहको कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैन ।

(ध) यस निर्देशिकामा उल्लेख गरिएका बाहेक कुनै महत्वपूर्ण निर्णय लिनु परेमा केन्द्रीय निर्वाचन समितिले निर्णय लिन सक्नेछ । सो निर्णय यसै निर्देशिकाको अभिन्न अंग हुनेछ ।

(न) निर्वाचित हुने सबै तहका कार्यसमितिहरुमा १ जना १८ देखि २८ वर्षसम्मको महिला र १ जना १८ देखि २८ वर्षसम्मको नवयुवा अनिवार्य रुपमा समावेश गर्नुपर्ने ।

(प) समावेशी अन्तर्गत समावेश गरिएका ल्कष्टरबाट निर्वाचित हुने प्रतिनिधिहरुमा समेत सकेसम्म १ जना महिला र १ जना पुरुष १८ वर्षदेखि २८ वर्षसम्मको नवयुवा समावेश गर्नु पर्नेछ ।

(फ) विषय विज्ञ भएको स्थानमा विषय विज्ञको उपस्थितिपनि अनिवार्य गर्नुपर्नेछ । (यदि कुनै स्थानमा १८ देखि २८ वर्षसम्मको तथा समावेशी ल्कष्टरमा समेत १८ वर्ष देखि २८ वर्षसम्मको नवयुवा नभई खालि हुनगएको खण्डमा अन्य उमेर समूह वा अन्य समूहबाट पदपूर्ति गर्नलाई बाधा पुग्ने छैन ।

नोट : विधान बमोजिम समावेशी समूह अन्तर्गत जनसंख्याको आधारमा प्रतिनिधित्व हुने संख्याको विवरण तालिका यसै निर्देशिकाको अभिन्न अंग हुने गरी यसै साथ समावेश गरिएको छ ।

केन्द्रको वेवसाइटमा रहेको सफ्टवेयरमा डाटा इन्ट्री गर्ने सम्बन्धमा

१. नेपाली कांग्रेसको आधिकारिक वेवसाइट www.nc15generalconvention.com मा महाधिवेशनको
   (क) वडा
   (ख) गाउँपालिका/नगरपालिका
   (ग) प्रदेश सभा
   (घ) प्रतिनिधि सभा
   (ङ) जिल्ला तहको
   पदाधिकारी एवं सदस्यहरु, प्रतिनिधिहरु, सबै तहका उम्मेदवारहरुको निर्वाचन पछिको मत संख्या सहितको परिणामलाई जिल्ला निर्वाचन अधिकृतले डाटा इन्ट्री गर्नु पर्नेछ ।

२. उक्त डाटा इन्ट्री गर्नको लागि केन्द्रीय निर्वाचन समितिले जिल्ला निर्वाचन अधिकृतहरुलाई Login ID र Password उपलब्ध गराउनेछ ।

Login ID र Password Entry गरे पश्चात आउने हरेक तहको "निर्वाचन परिणामको फारम" मा इन्ट्री गरी केन्द्रीय निर्वाचन समितिमा पठाउनु पर्नेछ ।

३. हरेक उम्मेदवारको मोवाइल/टेलिफोन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ ।

४. सातै प्रदेशका निर्वाचन अधिकृतले प्रदेश समितिको पदाधिकारी एवं सदस्यहरु, प्रतिनिधिहरुको उम्मेदवारहरुले प्राप्त गरेको मत संख्या र मोवाइल/टेलिफोन नं. सहितको परिणाम वेवसाइटमा उपलब्ध "निर्वाचन परिणामको फारम" मा इन्ट्री गर्नु पर्नेछ ।

५. केन्द्रीय निर्वाचन समितिले केन्द्रको पदाधिकारी एवं सदस्यहरु र उम्मेदवारहरुले ल्याएको मत परिणाम र मोवाइल/टेलिफोन नम्बर सहितको परिणाम वेवसाइटमा उपलब्ध "निर्वाचन परिणामको फारम" मा इन्ट्री गरिनेछ ।

***

अनुसूची १
विधानको धारा ६ (२) सँग सम्बन्धित गाउँपालिका वडा कार्यसमितिको निर्वाचन मतपत्र

जिल्ला ..... गाउँपालिका ..... वडा नं. .....

क्र.सं.	गाउ वडा कार्यसमितिको सभापति/.....पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही .....

अनुसूची २
विधानको धारा ७ (२) सँग सम्बन्धित नगर वडा कार्यासमिति निर्वाचन मतपत्र

जिल्ला ..... महा/उपमहा/नगरपालिका ..... वडा नं. .....

क्र.सं.	नगर वडा कार्यसमिति सभापति/..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही

अनुसूची ३
विधानको धारा ८ (२) सँग सम्बन्धित गाउँपालिका मतदात केन्द्र समितिको .....को निर्वाचनको मतपत्र

जिल्ला ..... गाउँपालिका .....मतदान केन्द्र .....

क्र.सं.	गाउ मतदात केन्द्र सभापति/..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही .....

अनुसूची ४
विधानको धारा ८ (२) (च) सँग सम्बन्धित अपाङ्गता भएका क्रियाशील सदस्य मध्येबाट १ जना महिला, २ जना प्रदेस सभा क्षेत्रीय अधिवेशनको मतपत्र

जिल्ला ..... गाउँपालिका .....मतदान केन्द्र .....

क्र.सं.	..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही .....

अनुसूची ५

विधानको धारा ९ (१) (ङ) सँग सम्बन्धित अपाङ भएका क्रियाशील सदस्य मध्येबाट १ जना महिला सहित २ जना प्रदेश जिल्ला अधिवेशन प्रतिनिधिको निर्वाचन पत्र

जिल्ला ..... महा/उपमहा/नगरपालिका .....

क्र.सं.	.....पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही .....

अनुसूची ६

विधानको धारा ९ (२) सँग सम्बन्धित नगर कार्यसमितिको निर्वाचन पत्र

जिल्ला ..... महा/उपमहा/नगरपालिका .....

क्र.सं.	नगर कार्यसमितिको सभापति/.....पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही .....

अनुसूची ७

विधानको धारा १० (४) बमोजिम सम्बन्धित प्रदेश सभा क्षेत्रीय कार्यसमितिको निर्वाचन मतपत्र

जिल्ला ..... निर्वाचन क्षेत्र ..... प्रदेश सभा क्षेत्र.....

क्र.सं.	प्रदेश सभा क्षेत्रीय सभापति/ ..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही .....

अनुसूची ८

विधानको धारा ११ (२) सँग सम्बन्धित केन्द्रीय महाधिवेशन प्रतिनिधिको निर्वाचन मतपत्र

जिल्ला ..... निर्वाचन क्षेत्र .....

क्र.सं.	महाधिवेशन प्रतिनिधिको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही .....

अनुसूची ९

विधानको धारा ११(३) अनुसार महासमिति सदस्यको निर्वाचन मतपत्र

जिल्ला ..... निर्वाचन क्षेत्र .....

क्र.सं.	महासमिति सदस्यको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही .....

अनुसूची १०

विधानको धारा ११ (४) सँग सम्बन्धित प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको निर्वाचन मतपत्र

जिल्ला ..... निर्वाचन क्षेत्र .....

क्र.सं.	क्षेत्रीय सभापति/ ..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही .....

अनुसूची ११

नियमावलीको नियम १६ (१)(क) बमोजिम अपाङ्गता प्रदेश अधिवेशन प्रतिनिधिको निर्वाचन मतपत्र

जिल्ला ..... निर्वाचन क्षेत्र .....

क्र.सं.	..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / मतदान अधिकृतको सही

अनुसूची १२

विधानको धारा १२ (५) अनुसार जिल्ला कार्य समितिको निर्वाचन मतपत्र

जिल्ला ..... निर्वाचन क्षेत्र .....

क्र.सं.	जिल्ला कार्यसमितिको सभापति/ ..... पदको उम्मेदवारको नाम, थर	मत संकेत

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही .....

अनुसूची १३

विधानको धारा १३ (३)(क)(२) अनुसार प्रदेश सम्मेलनको सदस्य समानुपातिक निर्वाचन मतपत्र
(२ महिला सहित ५ जना)

प्रदेश .....

क्र.सं.	प्रदेश सम्मेलनको सदस्य पदको उम्मेदवारको नाम, थर	मत संकेत

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही .....

अनुसूची १४

विधानको धारा १३ (३)(क)(२) अनुसार प्रदेश सम्मेलनको सदस्य समानुपातिक निर्वाचन मतपत्र
(३ जना सदस्यको)

प्रदेश .....

क्र.सं.	प्रदेश सम्मेलनको .....सदस्य पदको उम्मेदवारको नाम, थर	मत संकेत

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही .....

अनुसूची १५

विधानको धारा १३(६) वमोजिम प्रदेश सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री र सदस्यको निर्वाचन मतपत्र

क्र.सं.	प्रदेश कार्यसमितिको सभापति/ ..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही .....

अनुसूची १६

विधानको धारा २१ वमोजिम केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री र सदस्यको निर्वाचन मतपत्र

क्र.सं.	केन्द्रीय कार्यसमितिको सभापति/ ..... पदको उम्मेदवारको नाम थर	मत संकेत

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही .....

अनुसूची १७

वारेसनामा पत्र

(पार्टीका प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, गाउँ/नगरपालिका र गाउं/नगरपालिका वडा मतदान केन्द्र समितिहरुका उम्मेदवारहरुले प्रस्तुत गर्ने प्रयोजनकालागि)

श्री निर्वाचन अधिकृत/मतदान अधिकृत,
नेपाली कांग्रेस,

जिल्ला..... क्षेत्र नं. .....
गाउँ समिति/महा/उपमहा/नगरपालिका ..... वडा नं. .....

निवेदक म .....(मतदता क्रमसंख्या .....) आफै उपस्थित भै उम्मेदवारी दर्ता गर्न/नाम फिर्ता लिन नसक्ने भएका कारणले श्री ..... लाई वारेस तोकेको छु । निजले मेरो तर्फबाट निर्वाचन सम्बन्धि गर्ने सबै कार्यमा मेरो मञ्जुरी छ ।

निवेदकको नाम, थर .....

क्रियाशील सदस्यता नं. .....

ठेगाना .....

दस्तखत .....

मिति .....

वारेसको नाम, थर .....

ठेगाना .....

दस्तखतको नमुना.....

मिति .....

अनुसूची १८

वारेसनामा पत्र

(पार्टीको केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री र सदस्यको उम्मेदवारहरुले प्रस्तुत गर्ने प्रयोजनकालागि)

श्री केन्द्रीय निर्वाचन समिति,
नेपाली कांग्रेस

म .....(मतदता क्रमसंख्या .....) नेपाली कांग्रेस केन्द्रीय ..... पदका लागि हुने निर्वाचनमा आफै उपस्थित भै उम्मेदवारी दर्ता गर्न/नाम फिर्ता लिन नसक्ने भएका कारणले श्री ..... लाई वारेस तोकेको छु । निजले मेरो तर्फबाट निर्वाचन सम्बन्धि गर्ने सबै कार्यमा मेरो मञ्जुरी छ ।

निवेदकको नाम, थर .....

क्रियाशील सदस्यता नं. .....

ठेगाना .....

दस्तखत .....

मिति .....

वारेसको नाम, थर .....

ठेगाना .....

दस्तखतको नमुना.....

मिति .....

अनुसूची १९

उम्मेदवारले दाखिला गर्ने मनोनयन पत्र

(पार्टीका प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, गाउँ/नगरपालिका र गाउं/नगरपालिका वडा मतदान केन्द्र समितिहरुका उम्मेदवारहरुले प्रस्तुत गर्ने प्रयोजनकालागि)

श्री निर्वाचन/मतदान अधिकृतज्यू,
नेपाली कांग्रेस

प्रदेश ..... जिल्ला ..... प्रतिनिधि सभा क्षेत्र नं. ....., प्रदेश सभा क्षेत्र नं. ....., गाउँ/नगरपालिका ....., वडा नं .....

महोदय,

नेपाली कांग्रेसको देहायको पदका लागि हुने निर्वाचनमा उम्मेदवार हुन योग्य भएकोले यो मनोनयन पत्र दाखेल गर्न आएको छु। तोकिए बमोजिम दस्तुर यसै साथ संलग्न छ।

उम्मेदवारको विवरण

१. नाम थर :–
२. उम्मेदवार हुन चाहेको तह :-
३. जिल्ला ..... क्षेत्र नं.....
   गाउँपालिका/नगरपालिका ..... वडा नं. .....
   मोवाइल नं. ..... इमेल .....
४. मतदाता क्रमसंख्या .....
५. क्रियाशील सदस्यता नं. .....
६. उम्मेदवारको दस्तखत .....
७. दर्ता गर्ने वारेसको दस्तखत .....

प्रस्तावक

१. नाम, थर :-
२. ठेगाना :-
३. मतदाता क्रमसंख्या .....
४. प्रस्तावकको दस्तखत :-

समर्थक

१. नाम, थर :-
२. ठेगाना :-
३. मतदाता क्रमसंख्या .....
४. समर्थकको दस्तखत :-

अनुसूची २०

उम्मेदवारले दाखिला गर्ने मनोनयन पत्र

(पार्टीको केन्द्रीय सदस्यका उम्मेदवारहरुले प्रस्तुत गर्ने प्रयोजनकालागि)

श्री केन्द्रीय निर्वाचन समिति
नेपाली कांग्रेस

महोदय,

नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशनमा **केन्द्रीय सदस्य** पदका लागि हुने निर्वाचनमा उम्मेदवार हुन योग्य भएकोले यो मनोनयन पत्र दाखेल गर्न आएको छु। तोकिए बमोजिम दस्तुर यसै साथ संलग्न छ।

उम्मेदवारको विवरण

१. नाम थर :–
२. मतदाता क्रमसंख्या .....
३. क्रियाशील सदस्यता नं. .....
४. उम्मेदवारको दस्तखत .....
५. दर्ता गर्ने वारेसको दस्तखत .....

प्रस्तावक

१. नाम, थर :-
२. ठेगाना :-
३. प्रस्तावकको दस्तखत :-
४. मतदाता क्रमसंख्या .....

समर्थक

१. नाम, थर :-
२. ठेगाना :-
३. समर्थकको दस्तखत :-
४. मतदाता क्रमसंख्या .....

अनुसूची २१

उम्मेदवारले दाखिला गर्ने मनोनयन पत्र

(पार्टीको केन्द्रीय उपसभापति, महामन्त्री र सहमहामन्त्री पदका उम्मेदवारहरुले प्रस्तुत गर्ने प्रयोजनकालागि)

श्री केन्द्रीय निर्वाचन समिति
नेपाली कांग्रेस
महोदय,

नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशनमा **केन्द्रीय उपसभापति/महामन्त्री/ सहमहामन्त्री** पदका लागि हुने निर्वाचनमा उम्मेदवार हुन योग्य भएकोले यो मनोनयन पत्र दाखेल गर्न आएको छु । तोकिए बमोजिम दस्तुर यसै साथ संलग्न छ ।

उम्मेदवारको विवरण

१. नाम थर :–
२. उम्मेदवार हुन चाहेको पद :-
३. मतदाता क्रमसंख्या .....
४. क्रियाशील सदस्यता नं. .....
५. उम्मेदवारको दस्तखत .....
६. दर्ता गर्ने वारेसको दस्तखत.....

प्रस्तावक

१. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

२. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

३. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

४. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

५. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

समर्थक

१. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

२. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

३. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

४. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

५. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

अनुसूची २२

उम्मेदवारले दाखिला गर्ने मनोनयन पत्र

(पार्टीको केन्द्रीय सभापति पदका उम्मेदवारहरुले प्रस्तुत गर्ने प्रयोजनकालागि)

श्री केन्द्रीय निर्वाचन समिति
नेपाली कांग्रेस
महोदय,

नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशनमा **केन्द्रीय सभापति** पदका लागि हुने निर्वाचनमा उम्मेदवार हुन योग्य भएकोले यो मनोनयन पत्र दाखेल गर्न आएको छु । तोकिए बमोजिम दस्तुर यसै साथ संलग्न छ ।

उम्मेदवारको विवरण

१. नाम थर :–
२. मतदाता क्रमसंख्या .....
३. क्रियाशील सदस्यता नं. .....
४. उम्मेदवारको दस्तखत .....
५. दर्ता गर्ने वारेसको दस्तखत.....

प्रस्तावक

१. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

२. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

३. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

४. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

५. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

६. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

७. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

समर्थक

१. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

२. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

३. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

४. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

५. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

६. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

७. नाम, थर :-
ठेगाना :-
मतदाता क्रमसंख्या .....
दस्तखत :-

अनुसूची २३

नेपाली **कांग्रेस**

केन्द्रीय निर्वाचन समिति
निर्वाचित भएको प्रमाण पत्र

मिति : .....

आज मिति २०८३/ / मा पन्ध्रौं महाधिवेशनका लागि सम्पन्न भएको निर्वाचनमा तपाई श्री ..... ले नेपाली कांग्रेसको ..... तहको ..... पदमा निर्विरोध/बहुमतले निर्वाचित भै विजयी हुनु भएकाले यो प्रमाण पत्र प्रदान गरिन्छ ।

निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही .....

सम्बन्धित विवरण :-

.....प्रदेश..... जिल्ला प्रतिनिधि सभा क्षेत्र नं....., प्रदेश सभा क्षेत्र नं. .....गाउँ/नगर/उपमहानगर/महानगरपालिका ....., वडा नं. .....
क्रियाशील सदस्यता नं. .....

समावेशी समूहको लागि
महिला/दलित/आदिवासी जनजाति/खस आर्य/मधेशी/थारु/मुस्लिम/पिछडिएको क्षेत्र/पेशागत/अपाङ्गता/नवयुवा

अनुसूची २४

१	सुडी	२७	धिमाल	५३	दुरा	७९	खालिङ
२	दनुवार	२८	याख्या	५४	सरवरिया	८०	टोप्केगोला
३	हलुवाई	२९	घले	५५	मेचे	८१	चिडिमार
४	माझी	३०	ताजपुरिया	५६	वान्तवा	८२	वालुङ
५	बराई	३१	खवास	५७	राजी	८३	लोहारुङ्ग
६	विन	३२	दराई	५८	डोल्पो	८४	कलर
७	नुनिया	३३	माली	५९	हल्खोर	८५	राउटे
८	चेपाङ/प्रजा	३४	धुनिया	६०	व्यासी/सौका	८६	नुराङ
९	सोनार	३५	पहरी	६१	अमात	८७	कुशुण्डा
१०	कुम्हार	३६	राजधोव	६२	थुलुङ्ग		
११	सुनुवार	३७	भोटे	६३	लेप्चा		
१२	वन्तार/सरदार	३८	डोम	६४	पत्थरकट्टा/कुशौडिया		
१३	कहर	३९	थकाली	६५	मेवाहाङ्ग		
१४	सतार/सन्थाल	४०	कोरी	६६	बहिङ्ग		
१५	मारवाडी	४१	सन्त्याल/छन्तेल	६७	नटुवा		
१६	कायस्थ	४२	होल्मो	६८	हायु		
१७	राजपुत	४३	बोटे	६९	धनकर/खरीकर		
१८	वादी	४४	राजभार	७०	ल्होपा		
१९	झाँगड/धाँगर	४५	ब्रमु/बरामो	७१	मुण्डा		
२०	गनगाई	४६	पञ्जावी/शिख	७२	देव		
२१	लोध	४७	नाचिरिङ	७३	धन्डी		
२२	बधई	४८	याम्फु	७४	कमार		
२३	थामी	४९	गाइने	७५	किसन		
२४	कुलुङ	५०	चाम्लिङ	७६	साङपाङ		
२५	बंगाली	५१	आठपरिया	७७	कोचे		
२६	गधेरी/बेधार	५२	जिरेल	७८	लोमी		

प्रदेश सभा क्षेत्रीय कार्य समिति

सभापति – १
उप सभापति– २
सचिव – २
सह सचिव – २
कोषध्यक्ष – १ सभापतिको प्रस्तावमा कार्यसमितिवाट निर्वाचित
- प्रदेश अधिवेशन प्रतिनिधि २१ जना

प्रदेश अधिवेशन प्रतिनिधि

१) ३ महिला सहित १० जना प्रत्यक्ष (४० वर्ष मनिका १/१, महिला पुरुष, अनिवार्य समावेश गर्नुपर्ने)।
२) महिला, दलित , आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुर्सलिम, र पिछडिएको क्षेत्रवाट ६ जना
३) १८ वर्ष देखि २८ वर्ष सम्मका १/१ महिला, पुरुष नवयुवा–२ जना
४) २ जना (अपांगता, विज्ञ र श्रमिक मध्येवाट)
५) प्रजातन्त्र सेननी संघ/द्वन्द पिडीत/सहिद परिवार मध्ये १

नोटः– क्लष्टरमा मानिस उपलब्ध नभएको खण्डमा अन्य कलष्टरवाट पनि पूर्ति गर्न सकिनेछ।

प्रतिनिधि सभा क्षेत्रीय कार्य समिति

सभापति – १
सचिव – २
सहसचिव – २
कोषाध्यक्ष – १ सभापतिले प्रस्ताव गरि कार्य समितिवाट निर्वाचित
- एक महिला सहित ४ जना प्रत्यक्ष निर्वाचित
- क्लष्टरबाट ६ जना सदस्य
-प्रदेश सभाले निर्वाचित गरेको १/१ महिला सहित दुवै प्रदेशबाट ६ जना

केन्द्रीय महाधिवेशन प्रतिनिधि

– ४ जना महिला सहित १४ जना (४० वर्ष मुनिका १/१ महिला, पुरुष प्रत्यक्ष (अनिवार्य)
– कलष्टरवाट – १० जना
– २ जना १/१ (महिला पुरुष) १८ देखि २८ वर्ष सम्मको नवयुवा
– १ जना अपांगता भएको
– प्रजातन्त्र सेननी/द्वन्द पिडीत/सहिद परिवार मध्ये २
- २ जना (विज्ञ र श्रमिक) – जम्मा ३१ जना
– क्षेत्रीय सभापति, एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला सभापती पदेन

नोटः केन्द्रीय महाधिवेशन प्रतिनिधि प्रदेश अधिवेशनको पनि प्रतिनिधि हुनेछ।

जिल्ला कार्यसमितिको गठन :

सभापति १
उपसभापति २
सचिव २
सह सचिव २
कोषाध्यक्ष : (सभापतिले प्रस्ताव गरी कार्य समितिवाट)

सदस्यको सम्वन्धमा:

१. जिल्ला कार्यसमितिमा जिल्ला अधिवेशनका प्रतिनिधिमध्येबाट निर्वाचित देहाय बमोजिमका सदस्य रहेनेछन :
क) प्रत्येक गाउँपालिकाका अधिवेशनबाट निर्वाचित कम्तिमा एक महिलासहित दुई जना, नगरपालिका अधिवेशनबाट निर्वाचित कम्तिमा एक महिला सहित ३ जना, उपमहानगरपालिका अधिवेशनबाट निर्वाचित कम्तिमा दुई महिला सहित पाँच जना, महानगरपालिका अधिवेशनबाट निर्वाचित कम्तिमा तीन महिला सहित सात जना सदस्य।
ख) महिला,दलित,आदिवासी जनजाति, खसआर्य मधेशी थारु, मुस्लिम, पिछडिएको क्षत्रबाट सबै स्थानीय तहबाट जोडेर प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको दुई तिहाई सदस्य जिल्लाको सम्पूर्ण जनसंख्याको बनोट अनुसार गर्नेछ।
ग) अल्पसंख्यक वा अपांगता भएका व्यक्तिमध्ये एक जना प्रत्यक्ष निर्वाचित गर्नेछ।
(नोटः कम्तिमा १८ वर्षदेखि २८ वर्षसम्मको नवयुवा १ महिला १ पुरुष र कम्तिमा ४० वर्षमुनिको युवा १ महिला १ पुरुष अनिवार्य समावेश गर्नु पर्नेछ।)

नोट :

- १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी, निर्वाचित केन्द्रीय सदस्य, मनोनित केन्द्रीय सदस्य र आमन्त्रित केन्द्रीय सदस्य, प्रदेश सभापति स्वतः महाधिवेशन प्रतिनिधि हुनेछन।

- पालिका सभापति, प्रदेश सभा निर्वाचन क्षेत्रीय सभापति, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सभापति, एक निर्वाचन क्षेत्र भएको जिल्ला सभापति पदेन प्रदेश र पदेन केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनेछन ।
- १८ देखि २८ वर्षसम्मको र ४० वर्ष मुनिकसम्मको व्यक्ति उम्मेदवार हुँदा उमेर खुल्ने नागरिकता वा प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ ।
- महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यहरु कुनै एक तहको कार्यसमितिको पदाधिकारी तथा सदस्यमा रहन सक्नेछन् । साथै क्षेत्रीय प्रतिनिधिहरु वडा तहको कार्यसमितिमा पदाधिकारी तथा सदस्यमा रहन सक्नेछन् ।
- कृयाशील सदस्यहरुको नाम, थर, वतन, उमेर, पिता/माताको नाम वा यस्तै अन्य विवरणमा भएका सामान्य त्रुटि सच्याउने अधिकार सम्वन्धित निर्वाचन/मतदान अधिकृतलाई हुनेछ ।
- नयाँ कृयाशील सदस्या वितरण गर्न आवश्यक भएमा सम्वन्धित वडाको वडा सभापतिले वितरणगरि मतदाता नामावलीमा समावेश गर्नेछ र सो को अभिलेख सम्वन्धित क्षेत्रीय समिति र जिल्ला समितिमा पठाउनु पर्नेछ ।
- कुनै पनि तहको वहुपदका लागि हुने निर्वाचनमा कुनै व्यक्तिको हकमा सर्वसम्मति र वाँकिका हकमा निर्वाचन गर्न पाईने छैन ।
- समावेशी वा खुल्ला समूह मध्ये जुनसुकै समूहवाट छानिएका प्रतिनिधिहरुले माथिल्लो तहका निर्वाचनमा समावेशी वा खुल्ला जुनसुकै समूहको उम्मेदवार हुन पाउनेछन् ।
- केन्द्रीय महाधिवेशन प्रतिनिधिहरुले प्रदेश कार्यसमितिको जुनसुकै पदमा उम्मेदवार हुन वाधा पर्ने छैन ।
- पार्टीको कुनै तहको अधिवेशनमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही अधिवेशन अवधिमा सो भन्दा माथिल्लो तहको कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैन ।
- विषय विज्ञ भएको स्थानमा विषय विज्ञको उपस्थितिपनि अनिवार्य गर्नुपर्नेछ । (यदि कुनै स्थानमा १८ देखि २८ वर्षसम्मको तथा समावेशी ल्कष्टरमा समेत १८ वर्ष देखि २८ वर्षसम्मको नवयुवा नभई खालि हुनगएको खण्डमा अन्य उमेर समूह वा अन्य समूहबाट पदपूर्ति गर्नलाई बाधा पुग्ने छैन ।

- पछिल्लो निर्वाचनमा प्रतिनिधिसभा, प्रदेश सभा, राष्ट्रिय सभा सदस्यमा प्रत्यक्ष र समानुपातिक सांसद र सांसदको उम्मेदवारहरु क्षेत्रीय सभापति र जिल्ला सभापति सम्वन्धित क्षेत्रको क्षेत्रीय प्रतिनिधि हुनेछन ।
- जन आन्दोलनका घाइते, द्वन्द पिडीत, शहिद परिवारको कोटाका लागि परिचय खुल्ने सिफारिश वा विवरणको परिचयपत्रको अनिवार्य पेश गर्नु पर्नेछ ।
- कुनैपनि तहको पदमा उम्मेदवार हुनको लागि क्रियाशीलको समयाअवधि हद लागु हुनेछैन ।

नेपाली कांग्रेस
१५ औं महाधिवेशन
गाउँ/नगर/उपमहानगर/महानगरपालिका वडा कार्यसमिति गठन

सभापति	१	जम्मा निर्वाचित पदाधिकारी ८ जना							
उपसभापति	२								
सचिव	२								
सह-सचिव	२								
कोषाध्यक्ष	१	सभापतिको प्रस्तावमा निर्वाचित कार्यसमिति सदस्यसंख्याबाट निर्वाचित							
पालिकामा निर्वाचित हुने वडा सदस्य		प्रत्यक्ष निर्वाचित		समानुपातिक आधारमा निर्वाचित		सभापतिवाट मनोनित		जम्मा	
		महिला	खुल्ला						
गाउँपालिका	३	६		६		५		२०	
नगरपालिका	४	८		८		६		२६	
उप महानगरपालिका	५	१०		१०		७		३२	
महानगरपालिका	६	१२		१२		८		३८	

नोटः १८ वर्ष देखि २८ वर्षसम्मको कम्तिमा १ महिला र १ पुरुष नव युवा र ४० वर्ष मुनिको कम्तिमा १ महिला र १ पुरुष युवा कार्य समितिमा समावेश गर्नु पर्नेछ ।

नेपाली कांग्रेस

१५ औं महाधिवेशन

गाउँ/नगर/उपमहानगर/महानगरपालिका वडावाट निर्वाचित क्षेत्रीय प्रतिनिधि तालिका

क्रियाशील सदस्य संख्या	१८ देखि २८ वर्ष उमेर समुहका नवयुवा		महिला	अपाङ्ग	विषय विज्ञ/ श्रमिक	प्रजातन्त्र सेनानी/ जनआनदोलन घाइते/ द्वन्द पिडित/ सहिद परिवार	खुल्ला	प्रत्यक्ष जम्मा	समानुपातिक	कुल प्रतिनिधि
	महिला	पुरुष								
≤१५०	१	१	३	१	२	१	४	१३	८	२१
≤ २५०	२	२	४	१	३	२	५	१९	१२	३१
≤ ३५०	२	२	६	१	३	२	९	२५	१६	४१
≤ ४५०	३	३	७	२	४	३	९	३१	२०	५१
≤ ५५०	३	३	९	२	५	३	१२	३७	२४	६१
≤ ६५०	३	३	११	२	६	३	१५	४३	२८	७१
६५१+	३	३	१२	२	६	३	१६	४५	३०	७५

नोटः ४० वर्ष मुनिको कम्तिमा १ महिला र १ पुरुष युवा प्रत्यक्ष वा समानुपातिकवाट समावेश गर्नु पर्नेछ ।

अनुसूची २५

गाउँपालिका/नगरपालिका वडा कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु ५००।-

उपसभापति, सचिव र सहसचिव पदको लागि ... रु ३००।-

क्षेत्रीय प्रतिनिधि पदको निर्वाचनको लागि ... रु ३००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु १००।-

गाउँपालिका कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु १,०००।-

उपसभापति, सचिव र सहसचिव पदको लागि ... रु ७००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु ३००।-

नगरपालिका कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु ३,०००।-

उपसभापति र सचिवको लागि ... रु २,०००।-

सहसचिव पदको निर्वाचनको लागि ... रु १,०००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु ५००।-

महानगरपालिका/उपमहानगरपालिका कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु ४,०००।-

उपसभापति र सचिवको लागि ... रु ३,०००।-

सहसचिव पदको निर्वाचनको लागि ... रु १,५००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु १०००।-

प्रदेश सभा क्षेत्रीय कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु ३,०००।-

उपसभापति र सचिव पदको निर्वाचनको लागि ... रु १,५००।-

सहसचिव पदको निर्वाचनको लागि लागि ... रु १,०००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु ५००।-

प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु ४,०००।-

उपसभापति र सचिव पदको निर्वाचनको लागि ... रु २,५००।-

सहसचिव पदको निर्वाचनको लागि ... रु २,०००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु १,०००।-

जिल्ला कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु ५,०००।-

उपसभापति र सचिव पदको निर्वाचनको लागि ... रु ३,५००।-

सहसचिव पदको निर्वाचनको लागि ... रु ३,०००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु १,५००।-

प्रदेश कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु १०,०००।-

उपसभापति, महासचिव र सहमहासचिव पदको लागि ... रु ६,०००।-

सदस्यको पदको निर्वाचनको लागि ... रु ३,०००।-

केन्द्रीय कार्यसमिति

समापति पदको निर्वाचनको लागि ... रु ३०,०००।-

केन्द्रीय उपसभापति र महासचिव पदको निर्वाचनको लागि ... रु २५,०००।-

सहमहासचिव पदको निर्वाचनका लागि ... रु २०,०००।-

केन्द्रीय सदस्य पदका लागि हुने निर्वाचनका लागि ... रु १०,०००।–

प्रदेश महाधिवेशन प्रतिनिधि पदको निर्वाचनको लागि ... रु ३,०००।-

केन्द्रीय महाधिवेशन प्रतिनिधि पदको निर्वाचनको लागि ... रु ३,०००।-

केन्द्रीय महासमिति सदस्य पदको निर्वाचनको लागि ... रु ३,०००।-

नेपाली कांग्रेसको १५ औं केन्द्रीय महाधिवेशनको कार्यतालिका

वडा अधिवेशन	२०८३ असोज १५ गते
गाउँ/नगरपालिका अधिवेशन	२०८३ असोज २० गते
प्रदेश सभा क्षेत्रीय अधिवेशन/प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन	२०८३ असोज २३ गते
जिल्ला अधिवेशन	२०८३ कार्तिक १५ गते
प्रदेश अधिवेशन	२०८३ मंसिर ४ गते
केन्द्रीय महाधिवेशन	२०८३ मंसिर २१, २२ र २३ गते- काठमाण्डौं

